## फुङलिङ नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड-४** **संख्याः ६** **मितिः२०७७।०५।२१**

## भाग-२

## फुङलिङ नगरपालिका

## “साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन कार्यविधि, २०७७”



कार्यपालिका बैठकबाट
पारित मितिः २०७७।०५।१६

## “साना व्यावसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम संचालन कार्यविधि, २०७७”

### खण्ड - १

**पृष्ठभूमिः**

फुङलिङ नगरपालिका स्तरीय कृषि आधुनिकीकरण परियोजनाको रुपमा रहेको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयनका सन्दर्भमा परियोजनाको दस्तावेजमा उल्लेख भएको व्यवस्था बमोजिम फुङलिङ नगरपालिकाले साना व्यावसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रमसंचालन कार्यविधि -२०७७ तयार गरी लागु गरीएको छ।

### खण्ड -२

**संक्षिप्त नाम, प्रारम्भ र परिभाषाः**

२.१. यो कार्यविधिको नाम साना व्यावसायिक कृषि उत्पादक केन्द्र (पकेट) विकास कार्यक्रमसंचालन कार्यविधि -२०७७ रहेको छ।

२.२. यो कार्यविधि नगरपालिकाले स्वीकृत भएको मितिवाट लागु हुनेछ।

३.३. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “नगरपालिका” भन्नाले फुङलिङ नगरपालिका सम्झनु पर्दछ।

(ख) “परियोजना” भन्नाले फुङलिङ नगरपालिका स्तरीय कृषि आधुनिकीरण परियोजना सम्झनु पर्दछ।

(ग) “पकेट” भन्नाले स्थानीय आवश्यकता र स्थानीय सम्भाव्यताको आधारम सम्भाव्य बाली बालीवस्तुमा न्युन्तम ७.५ हेक्टरमा नगरपालिका स्तरमा संचालन गरेको साना व्यावसायिक उत्पादन केन्द्र सम्झनु पर्दछ।

(घ) “संचालक समिति” भन्नाले कार्यविधिको दफा ५.१ वमोजिमको पकेट संचालक समिति सम्झनु पर्दछ।

(ङ) “कार्यदल” भन्नाले यसै कार्यविधिको दफा ४.३ बमोजिमको कार्यदल सम्झनु पर्दछ।

(च) "व्यावसायिक" खेती भन्नाले कम्तिमा देहाय वमोजिमको खेती गरेको सम्झनु पर्दछ।

| क्र.सं. | बाली | क्षेत्रफल | कैफियत |
|---|---|---|---|
| १. | खाद्यान्न वाली | ७ रोपनी | प्रति सदस्य |
| २. | तरकारी वाली | ३ रोपनी | प्रति सदस्य |
| ३. | फलफुल(आँप ,लिची, सुन्तोला, कागती, किवि, केरा,एभोगाडो ओखर आदि) | ३ रोपनी | प्रति सदस्य |
| ४. | अदुवा, वेसार तथा मसला वाली | २ रोपनी | प्रति सदस्य |
| ५. | प्लाष्टिक घरमा तरकारी खेती | १ रोपनी | प्रति सदस्य |
| ६. | लसुन, प्याज | २ रोपनी | प्रति सदस्य |
| ७. | आलु | ३ रोपनी | प्रति सदस्य |
| ८. | चिया, कफी | ५ रोपनी | प्रति सदस्य |

## खण्ड - ३

**उद्देश्य**

कृषि क्षेत्रको आधुनिकीकरणमा योगदान पुर्याउन साना व्यावसायिक कृषि उत्पादक केन्द्र पकेटहरु विकास गरी छनौट गरीएको बाली/वस्तुहरुको उत्पादन र उत्पादकत्व वृद्धि तथा रोजगारी श्रृजना गरी कृषकहरुको आम्दानी वृद्धि गर्नु यस कार्यक्रम संचालनको उद्देश्य रहेको छ।

## खण्ड - ४

**पकेट निर्माण / छनौट प्रक्रिया**

४.१. पकेट क्षेत्र निर्माणका लागि देहायका सेवा/सुविधा/पूर्वाधारहरु भएको हुनुपर्नेछ।

(क) न्युनतम १५० रोपनी जग्गा भएको

(ख) सडकको पहुच भएको वा हुन सक्ने

(ग) सिंचाइको उपलव्धता भएको वा हुन सक्ने

(घ) विद्युतको उपलव्धता भएको वा हुन सक्ने

(ङ) तोकिएको क्षेत्रफलमा चक्लावन्दी भएको हुनसक्ने वा एउटै करिडोरमा रहेको

(च) कृषि सेवा केन्द्रसंगको पहुँच भएको।



४.२ नगरपालिकाले दफा ४.१ को पूर्वाधार भएका कुनै क्षेत्रमा संम्भाव्यता अध्ययन र मागको आधारमा पकेट क्षेत्र छनौट गर्ने छ।

४.३. उपदफा ४.२ अनुसार पकेट क्षेत्र छनौटका लागी अध्ययन गरी शिफारिस पेश गर्न नगरपालिकाले देहाय वमोजिमको एक कार्यदल गठन गर्ने छ।

क. संयोजकः आर्थिक विकास शाखा प्रमुख

ख. सदस्यः कृषि ज्ञान केन्द्रका प्रमुख वा निजले तोकिएको कर्मचारी

ग. सदस्यः सम्वन्धित वडाको वडाअध्यक्षले तोकेको वडा सदस्य

घ. सदस्य सचिवः आर्थिक विकास शाखा प्रमुखले तोकिएको कर्मचारी।

४.४. पकेट निमार्ण गर्दा भौगोलिक तथा प्राविधिक सम्भाव्यता र माटोको उर्वराशक्तिका आधारमा प्रत्येक वडाहरुमा तोकिएका वाली वस्तुका पकेटहरु निमार्ण गर्न चाहाने कृषक, कृषक समुह,कृषि सहकारी, कृषि व्यावसायीहरुको आवेदन माग गरी सुची तयार गरिनेछ। सूचिकृतहरु मध्येवाट आवश्यक संख्यामा पकेट छनौटका लागी फुङलिङ नगरपालिका आर्थिक विकास समितिको वैठकले पकेट छनौट गरिनेछ र यसरी पकेट क्षेत्र संचालन गर्न छानिएका कृषक, कृषक समुह, कृषि सहकारी, कृषि व्यवसायीहरुको प्रतिनिधित्व रहने दफा ५.१ अनुसारको पकेट संचालक समिति र नगरपालिका विच सम्झौता हुनेछ। समिति गठन गर्दा आवस्यकताको आधारमा एक भन्दा बढी कृषक, कृषक समुह, कृषि सहकारी, कृषि व्यवसायीहरुको प्रतिनिधित्व रहने व्यवस्था छ। संचालन गरिने कार्यक्रमका सम्वन्धमा नगरपालिकाको समन्वयमा पकेट संचालक समितिले सम्वन्धित पकेट क्षेत्रको कृषक, कृषक समुह, कृषि सहकारी, कृषि व्यवसायीहरुको मागमा आधारित कार्यक्रमहरुको प्रस्तावना तयार गरी सोही बमोजिम सम्झौता गरीने छ।

## खण्ड - ५

**पकेट संचालन प्रक्रिया**

५.१. पकेट संचालन सम्वन्धमा फुङलिङ नगरपालिकासंग सम्झौता बमोजिमका कार्यहरु संचालन गर्ने गरी कार्यविधिको दफा ४ बमोजिम स्थापना भएको पकेट क्षेत्रको व्यवस्थापनका लागि सम्बन्धित कृषक, कृषक समुह, कृषि सहकारी, कृषि व्यावसायीहरुको प्रतिनिधित्व रहने गरी कम्तिमा ३३ प्रतिशत महिला सहितको ९ सदस्यीय पकेट संचालक समिति गठन गरिनेछ। यसको लागि पकेट क्षेत्र छनौट भएपछि पकेट भित्र रहेको कृषक, कृषक समुह, कृषि सहकारी, कृषि व्यवसायीहरुलाइ पकेट संचालक समिति गठनको लागी ७ दिनको म्याद सहित पत्राचार

मार्फत वा अन्य स्थानीय संचार माध्यम तथा सम्वन्धित वडा कार्यालय मार्फत सुचना आव्हान गरिनेछ। यसरी आव्हान गरीएको सुचना वमोजिम पर्न आएका निवेदन उपदफा ४ को उपदफा ४.३ वमोजिमको कार्यदलले स्थलगत अध्ययन गरी यस कार्यविधिको दफा ४ को उपदफा ४.१ वमोजिमको मापदण्डको अतिरिक्त आवस्यकता अनुसार मापदण्ड तयार गरी नगरपालिकामा सिफारीस पेश गर्ने छ। तोकिएको अवधिमा समिति गठन भई नआएमा फुङलिनङ नगरपालिका आर्थिक विकास शाखाले सहजिकरण गरी १५ दिन भित्र समिति निर्माण गर्न सक्ने छ। समितिको सदस्यहरु सम्बन्धित बाली वस्तुको व्यवसायिक खेतीमा अनिवार्य संलग्न भएको हुनुपर्नेछ। संचालक समितिमा संयोजक, उपसंयोजक, सचिव, सह-सचिव र कोषअध्यक्ष एक एक जना र बाँकी ४ जना सदस्य रहनेछन। पकेट संचालक समितिको प्रमुख कार्यकारी पदहरुमा कम्तिमा १ जना महिला हुनु पर्नेछ। फुङलिङ नगरपालिकाको कार्यालय आर्थिक विकास शाखा प्रमुख वा प्रमुखले तोकिएको व्यक्ति समितिको पदेन सदस्यको रुपमा रहनेछ। स्थानीय तहमा कानुन वमोजिम दर्ता भएका कृषक, कृषक समुह, कृषि सहकारी, कृषि व्यवसायीहरुले नै पकेट संचालक समितिको भूमिका निर्वाह गर्नेछन।

५.२ पकेट संचालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) पकेट संचालका लागि आवश्यक उत्पादन समाग्रीहरुको परिमाण, श्रोत र लागतको अनुमान गर्ने, बालि चक्रको लागि उत्पादन योजना सहितको प्रस्ताव तयार गर्ने।

(ख) फुङलिङ नगरपालिकाको समन्वयमा आवश्यक उत्पादन सामाग्रीहरुको व्यावस्थापन गर्ने।

(ग) पकेट क्षेत्रमा संचालन गरिने कार्यक्रम कार्यान्वयन गर्ने र आवश्यक समन्वय गर्ने।

(घ) पकेटलाई व्यवस्थित रुपमा संचालनका लागि आधार तयार गर्न संलग्न कृषक, कृषक समुह, कृषि सहकारी, कृषि व्यावसायीहरुकसंग निरन्तर सम्वाद र सहकार्य गर्ने।

(ङ) मासिक रुपमा फुङलिङ नगरपालिका कार्यालयमा प्रगति प्रतिवेदन पेश गर्ने।

(च) संचालक समितिको बैठक कम्तिमा महिनाको १ पटक अनिवार्य रुपमा वस्नेछ र आवश्यकता अनुसार अन्य समयमा समेत बैठक वस्न सक्नेछ। बैठकमा समिति बाहिरका सम्बन्धित प्रतिनिधिलाई आवश्यकता अनुसार आमन्त्रित गर्न सकिनेछ।

(छ) पकेट संचालन सम्बन्धी आन्तरिक आचारसहिता आवश्यक भएमा तयार गरी लागु गर्ने गराउने।



(ज) कार्यक्रमको दिगोपनाको लागि समितिको अवधि र समितिका पदाधिकारी तथा सदस्यहरुको पदावधि समितिले आवश्यकता अनुसार निर्धारण गर्नेछ। तर समितिका पदाधिकारी र सदस्यहरुको पदावधी २ वर्ष भन्दा वढी हुने छैन। समितिले आवश्यक विनियम तयार गरी सोही वमोजिम समितिका पदाधिकारी तथा सदस्यहरुको चयन गर्ने छ। समितिमा एकै परिवारवाट एक भन्दा बढी व्यक्ती रहन सक्ने छैन र एकै व्यक्ती लगातार एक कार्यकाल भन्दा बढी एकै पदमा रहन सक्ने छैन तर सदस्यको हकमा यो व्यवस्था लागु हुने छैन।

(झ) समिति गठन भएको १५ दिन भित्र उक्त समिति फुङलिङ नगरपालिकाको कार्यालयमा निर्धारित प्रकृया अनुरुप दर्ता हुनुपर्नेछ।

(ञ) पकेट स्तरमा संचालन हुने सम्पुर्ण कृयाकलाप र आर्थिक कारोवार प्रचलित कानुन वमोजिम संचालन समितिले गर्ने छ।

(ट) पकेट क्षेत्रमा आवस्यक अन्य व्यवस्थापकीय कार्यहरु गर्ने।

## खण्ड - ६

**संचालन गरिने कार्यक्रम**

६.१ फुङलिङ नगरपालिकाको कार्यालयले पकेट क्षेत्रका सदस्यहरु र संचालक समितिलाई पकेट संचालन सम्वन्धी अभिमुखीकरण कार्यक्रम संचालन गर्नु पर्नेछ।

**६.२ चालु तथा पूंजीगत अनुदान कार्यक्रमहरु**

**६.२.१ चालु अनुदान**

**(क) उत्पादन प्रबिधि प्रदर्शनः** फुङलिङ नगरपालिकाको कार्यालयले पकेट क्षेत्रमा सहभागितात्मक नवीन उत्पादन प्रविधि प्रदर्शन तथा स्थलगत तालिम लगायतका प्रविधि हस्तान्तरणका कार्यक्रम संचालन गर्नेछ।

**(ख) उत्पादन सामाग्री सहयोगः** फुङलिङ नगरपालिकाको कार्यालयले पकेट क्षेत्रका लागि उन्नत वेर्ना, विरुवा, माछा भुरा र सायनिक एवं जैविक विषादी रासायनिक तथा प्राङगारिक मलजस्ता उत्पादन सामाग्री सहयोग गर्नेछ। उपरोक्त बमोजिमका उत्पादन सामाग्रीहरुमा नगरपालिकाको तर्फवाट ५० प्रतिशतसम्म अनुदान सहयोग हुनेछ भने रसायनिक तथा प्राङगारीक मलको हकमा विद्यमान सरकारी व्यवस्था बमोजिमको अनुदान सहयोग रहनेछ।

(ग) **अन्य कार्यक्रमहरुः** पकेट संचालक समितिको माग र स्थानीय संभाव्यताका आधारमा परियोजना दस्तावेजको मर्म अनुरुपका अन्य चालु खर्च अन्तरर्गतका कार्यक्रमहरु समेत तर्जुमा गरी संचालन गरिनेछ । जमिन वाझोराख्ने प्रवृत्तीलाई निरुत्साहित गर्न प्रोत्साहन गर्ने किसिमका कार्यक्रमहरु तर्जुमा गरी संचालन गरिने छ । परियोजना दस्तावेजमा स्वेच्छिक रुपमा जमिनको एकिरण गर्ने अवधारणा अवलम्बन गरिएको सन्दर्भमा वार्षिक बजेट तथा कार्यक्रम्मा उल्लेख गरी जमिनको एकिकरणको लागि उत्प्रेरित गर्न अनुदान व्यवस्था गरिनेछ ।

**६.२.२ पूंजीगत अनुदान**

पूंजीगत अनुदान वापत प्रत्येक पकेटका लागि निश्चित बजेट विनियोजन गरीनेछ । बिनियोजित बजेटको परीधिभित्र रही पूंजीगत आवश्यकताका क्षेत्रहरु मेशिन औजार, सिचाइ, पूर्वाधार निर्माण, तथा मर्मत सम्भार, प्रारम्भिक प्रशोधन पूर्वाधारहरु लगायतका पूर्वाधार विकासमा खर्च गर्न सकिने छ । यस्ता प्रकृतिका पूंजीगत कार्यक्रमहरु संचालन गर्दा मेशिनरी औजारको लागी वढिमा ५० प्रतिशत, प्रयोगशाला सेवाहरुमा वढीमा ५० प्रतिशत, साना सिंचाइ पूर्वाधारमा वढीमा ५० प्रतिशतर र उत्पादनोपरान्त तथा कृषि व्यवसाय सेवा पूर्वाधारहरुमा बढीमा ५० प्रतिशत नगरपालिकाको तर्फ वाट अनुदान उपलब्ध गराउन सकिनेछ ।

**६.२.३** माथि वुदा नं. ६.२.१ र ६.२.२ वमोजिमको पकेट संचालन अनुदान एउटा पकेटलाई प्रगतिको अधारमा वढीमा ३ वर्षसम्म उपलव्ध गराईने छ ।



## खण्ड - ७

**विविध नर्म्स**

**७.१** **अनुगमन तथा प्रतिवेदनः** नगरपालिका भित्र रहेका पकेट क्षेत्रहरुमा संचालित कार्यक्रमको अनुगमन नगरपालिका तथा वडा स्तरीयअनुगमन समितिले गर्नेछ ।

७.२ यस कार्यविधिमा उल्लेख भएका वाहेक अन्य कुराहरु प्रचलित नियम कानून बमोजिम हुनेछ ।

७.३ यस कार्यविधि वमोजिम वनेका पकेटहरु एक आपसमा मिलि ब्लकमा परिणत हुन सक्नेछन ।

७.४ यस कार्यविधिमा उल्लेख भएमा कुराहरु अन्य प्रचलित कानुनसंग वाझिन गएमा वाझिएको हदसम्म अमान्य हुनेछ ।

७.५ यस कार्यविधिमा उल्लेखित विषयमा कुनै अष्पष्टता भएमा सोको व्याख्या गर्ने अधिकार नगरकार्यपालिकामा रहने छ ।

**आज्ञाले**

बद्री कुमार कार्की

प्रमुख प्रशासकीय अधिकृत